फोन नम्बर :
०३७५२०६२५
०३७५1२०२१३
फ्याक्स नम्बर :
[illegible]

# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ओखलढुंगा
कोशी प्रदेश, नेपाल

प.सं.:०८१/८२

## मालसामान तथा निर्माण कार्य खरिद सम्बन्धी विद्युतीय शिलवन्दी दरभाउ पत्र आव्हानको सूचना

यस कार्यालयको चालु आ.व. २०८१।८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित निर्माणकार्य/ मालसामानहरु विद्युतीय दरभाउ पत्रको प्रक्रियाबाट खरिद गर्नुपर्ने हुँदा सोको लागि विद्युतीय दरभाउ पत्र पेश गर्न योग्य तथा ईच्छुक फर्म तथा सप्लायर्सहरु बाट फर्म/कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा स्थानीय फर्मको हकमा गाँउपालिका/नगरपालिकामा व्यवसाय दर्ता गरेको प्रमाण पत्र र आ.व. २०८०।८१ को कर चुक्ता प्रमाण पत्र समेतको प्रतिलिपि संलग्न गरी तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही विद्युतीय दरभाउ पत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१.दरभाउ पत्रदाताले यस कार्यालय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP प्रणालीको www.bolpatra.gov.np/egpबाट दरभाउ पत्र सम्बन्धमा थप जानकारी प्राप्त गर्न सक्नुहुनेछ ।

२. दरभाउ पत्र सम्बन्धि कागजात वापतको दस्तुर तल उल्लेखित बैंकमा दाखिला गरेको भौचर स्क्यान (pdf format)e-GP पोर्टलमा अपलोड गरी दरभाउ पत्र सम्बन्धी कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP पोर्टल http://www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

<u>दरभाउ पत्र सम्बन्धी कागजात वापतको दस्तुर दाखिला गर्ने बैंकको विवरण :</u>

बैंकको नाम: राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, ओखलढुंगा

कार्यालयको नाम: सिद्धिचरण नगर कार्यपालिकाको कार्यालय, ओखलढुंगा

बैंक खाता नं.: २०७०१००३०१०१०००३ कार्यालय कोड: ८०१०११००१ राज्श्व शिर्षक नं. १४२२९

३.दरभाउ पत्रदाताहरुले दरभाउ पत्रहरु विद्युतीय रुपमा सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मार्फत तपसिलको मिति, समय भित्र पेश गरिसक्नु पर्नेछ । उल्लेखित मिति र समय पछि प्राप्त दरभाउ पत्र स्वीकार हुने छैन ।

४. तोकिएको समय भित्र प्राप्त हुन आएका विद्युतीय दरभाउ पत्रहरु दरभाउ पत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा ( दरभाउ पत्रदाता वा प्रतिनिधि नभएपनि ) सोही दिनको २:०० बजे देखि यस कार्यालयमा खोलिने छ ।

५.दरभाउ पत्र जमानत बापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय ओखलढुंगा स्थित धरौटी खाता नम्बर २०७०१००३०३००००३ मा जम्मा गरेको सकल भौचर( दोश्रो प्रति) वा नेपाल राष्ट्र बैंकबाट "क"वर्गको ईजाजत प्राप्त बाणिज्य बैंकहरुबाट यस कार्यालयको नाममा जारी भएको दरभाउ पत्र जमानतपत्र पेश गर्नु पर्नेछ । दरभाउ पत्र मान्य हुने अवधि कम्तीमा दरभाउ पत्र खोल्न तय भएको मिति बाट ४५ (पैतालिस) दिन हुनु पर्नेछ र दरभाउ पत्र जमानतको मान्य अवधि दरभाउ पत्र मान्य हुने अवधि भन्दा कम्तिमा ३०( तीस) दिन बढी (दरभाउ पत्र खोल्न तय भएको मिति बाट कम्तीमा ७५ दिन) हुनु पर्नेछ ।

६. दरभाउ पत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको लगतै पछि कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समय अनुसारनै दरभाउ पत्र पेश गर्ने र खोल्ने मिति कायम हुनेछ । यस्तो अबस्थामा दरभाउ पत्र र दरभाउ पत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिने छ ।

७. कुनै वा सबै दरभाउ पत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

८. यो सूचनामा स्पष्ट नभएका कुराहरुको हकमा सावर्जनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार हुनेछ ।

९.खरिद गरिने मालसामानहरुको स्पेसिफिकेसन सम्वन्धी जानकारीको लागी यस कार्यालयको website :https://www. siddhicharanmun.gov.np र www.bolpatra.gov.np/egp बाट प्राप्त गर्न सकिने Bid Document मा उपलब्ध छ ।

<u>तपसिल:</u>

| ठेक्का नं | विवरण | लागत अनुमान ( मु.अ.क.सहित) | दरभाउ पत्र फारम दस्तुर | जमानत रकम | दरभाउपत्र प्रकाशन मिति | | दरभाउपत्र पेश गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम पटक | दोस्रो पटक | |
| Works/SQ/15/2081/82 | रामवजार व्याडमिन्टन कर्वड हल वडा नं. ११ पुजीगत सुधार | १४,४९,९४५/६६ | १,०००/- | ३६,५००/- | | २०८१/१०/२२ | २०८१/११/०८, १२:०० बजे |
| Goods/SQ/17/2081/82 | प्लाष्टिक टनेल खरिद | ५,९८,२४४/० | १,०००/- | १५,०००/- | २०८१/१०/२२ | - | |
| Goods/SQ/18/2081/82 | जस्तापाता खरिद | १४,९९,०२७/७६ | १,०००/- | ३८,०००/- | २०८१/१०/२२ | - | |

निलकण्ठ विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत